# विधेयकमा संशोधनको सूचना

(प्रतिनिति सभा नियमावली, २०७९ को नियम ११२ सँग सम्बन्धित)

श्री सचिव,
प्रतिनिधि सभा, नेपाल
म प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम नियम ११३ को उपनियम (१) को शर्तका अधीनमा रही देहायको विधेयकमा देहाय बमोजिमको संशोधन पेश गर्न चाहन्छु ।

**विधेयकको नाम : सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक**

| क्र.स. | विधेयकको | | | | संशोधनको व्यहोरा | | |
|---|---|---|---|---|---|---|---|
| | दफा | उप दफा | खण्ड | उप खण्ड | हालको व्यवस्था | प्रस्तावित संशोधन | संसोधन गर्न पर्ने कारण |
| १ | २ | ११ | | | १०३ज. प्राधिकरणको काम, कर्तव्य र अधिकार | १०३ज. मा (ञ) पछि देहायको (ट) थप: (ट) रजिष्ट्रारले गरेको सबै कामको निरन्तरता प्राधिकरणले लिनेछ। | दुइटा parallel संयन्त्र भयो भने काम गर्न नसक्ने |
| २ | २ | ११ | | | १०३ज. प्राधिकरणको काम, कर्तव्य र अधिकार | १०३ज. मा (ट) पछि देहायको (ठ) थप: (ठ)प्राधिकरणले सहकारीको लाइसेन्स खारेजी, समस्याग्रस्त घोषणा गर्न सक्नेछ। | प्राधिकरणलाई अख्तियारी |
| ३ | २ | ११ | | | १०३ज. प्राधिकरणको काम, कर्तव्य र अधिकार | १०३ज. मा (ठ) पछि देहायको (ड) थप: सहकारी बचतकर्ताको पैसा फिर्ता गर्नका लागि सरकारले संरचित तथा समन्वित तरिकाले विघटन सहज बनाउने। | बचतकर्ताको पैसा फिर्ता गर्न |
| ४ | २ | १२ | १ | | "पच्चीस जना"को सट्टा "दश प्रतिशत" भन्ने शब्दहरू राखिएको | खारेज गर्ने। | २५० जना भन्दा बढी बचतकर्ता हुने सहकारीको हकमा यसले संगठित भई मुद्दा दायर गर्न बाधा पुर्याउने |
| ५ | २ | १२ | २ | | उपदफा (१क) थपिएको | प्रस्तावित उपदफा (१क) को "त्यस्तो संस्थालाई समस्याग्रस्त संस्थाको रूपमा घोषणा गर्नका लागि प्राधिकरणले मन्त्रालय समक्ष सिफारिस गर्नेछ।" को सट्टा "त्यस्तो संस्थालाई समस्याग्रस्त संस्थाको रूपमा प्राधिकरणले घोषणा गर्नेछ।" भन्ने शब्दहरू राखिने | स्वतन्त्र प्राधिकरणलाई अख्तियारी दिएर कार्यसम्पादनलाई चुस्त बनाउन |
| ६ | २ | १५ | | | उपदफा १५ पछि देहायको उपदफा (१६) थप गरी दफाक्रम मिलाउने | (१६) दफा १०८क पछि देहायको दफा १०८ख थप गर्ने: (१०८ख) नेपाल राष्ट्र बैंकको अधीनमा छुट्टै समिति बनाएर ऋण असुली टोली गठन गर्नुपर्ने र एकद्वार प्रणालीबाट बचतफिर्ताको प्रक्रिया अघि बढाउनुपर्नेछ। | बचतकर्ताको बचत फिर्ताका लागि |
| ७ | २ | २२ | | | उपदफा थप | (२२) दफा १५१ पछि देहायको १५२ र १५३ थप गरि दफाक्रम मिलाउने: (१५२) यस ऐनमा राखिएको प्रावधानको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न सदनलाई महिनैपिच्छे प्रगति विवरण बुझाउनुपर्नेछ। (१५३) संघर्ष समितिसँग भएका सम्झौताहरूलाई कार्यान्वयनमा मन्त्रालयले लैजान आवश्यक कार्य गर्ने। | जवाफदेहीताका लागि |
| ८ | २ | २३ | | | उपदफा थप | (२३) दफा ९३ मा वाक्य थप "रजिष्ट्रार प्राधिकरणको अधीनमा हुनेछ।" | प्राधिकरणलाई अख्तियारी |

(१) नाम, थर: सुमना श्रेष्ठ      दस्तखत:      क्र. स.: २५२      मिति २०८१-१२-०१